


मीका
मीकाको पुस्तक अगमवक्ता मीकाले लेखेका हुन् ।
उनको नाउँ 'मीकायाह' को छोटो रुप हो जसको अर्थ "परमप्रभु जस्तो को छ" ?
उनको नाउँले एउटा प्रश्न बोके जस्तै उनले पनि यहूदाका मानिसहरूलाई पनि त्यही प्रश्न सोध्दथे जसकहाँ उनलाई पठाइएको थियो ।
यहूदाका राजाहरू योताम, आहाज, हिजकियाका शासनकालहरूमा उनले अगमवाणी गरेका थिए...
.....जब इस्राएलको उत्तरी राज्य अश्शूरको हातमा पर्न लागेको थियो जुन त्यसबेलाको प्रभावशाली विश्वशक्ति थियो ।
उनले तिनीहरूका शासकहरूको विरुद्धमा तिनीहरूले गरेका अन्यायहरू अनि नागरिकहरूको विरुद्ध तिनीहरूका अपराधहरूको निम्ति ठूल्ठूला आरोपहरू लगाए ।



राजा उज्जियाहले एउटा समृद्ध राज्य उपभोग गरे तर उनका छोरा योतामले मूर्तिपूजाका केन्द्रहरूलाई हटाउन इन्कार गरे ।
तब राजा आहाजले मानिसहरूलाई खराबीतिर डोऱ्याउन थाले ।




उर्वरता देवी भनेर चिनिने कनानको बाललाई पूजा गरेर तिनीहरू भ्रष्ट भएको तर त्यसलाई समृद्धि हो भनेर तिनीहरू भ्रममा परिरहेको कुरालाई मीकाले औंल्याइदिए ।




अदालतका शब्दावलीहरू प्रयोग गर्दै, मीकाले आफ्नो सन्देशलाई तीन भागहरूमा प्रचार गरे ।
जसरी आमोसले इस्राएललाई तिनीहरूको अन्यायको विरुद्धमा अगमवाणी गरेका थिए, त्यसरी नै मीकाले यहूदाको विरुद्धमा अगमवाणी गर्दैथिए ।




को हुन् तिनी ? के हामीले तिनको कुरा सुन्नुपर्छ र ?
पर्दैन । अनुयायीहरू बटुल्न मात्र सहरमा पसेका हुन् यी नेता पनि ।
अनेकौं प्रकारका पापहरूको पछि लाग्ने मानिसहरूको विरुद्धमा अगमवाणी गर्दै मीकाले तिनीहरूका भ्रष्ट अगुवाहरूलाई परमेश्वरले गर्नुहुने व्यवहार र भविष्यमा तिनीहरूलाई परमेश्वरले दिनुहुने छुटकाराको बारेमा पनि बताए ।


हे, सबै जातिजातिहरूका मानिसहरू हो, परमेश्वरको अदालतमा आओ–परमप्रभु परमेश्वर नै तिमीहरूका विरुद्धमा साक्षी होऊन् ।
हेर ! उहाँ स्वर्गमा आफ्नो सिंहासन छोडेर पृथ्वीमा आउनुहुन्छ । पर्वतका चुचुराहरू उहाँको पाउमुनि पग्लन्छन् र मैन पग्लेजस्तै उपत्यकाहरू टुक्रिन्छन् ।
त्यसका सबै मूर्तिहरू टुक्रैटुक्रा पारिनेछन्–त्यसका मन्दिरहरू आगोद्वारा नष्ट गरिनेछन् ।
ती उपहारहरू वेश्याको ज्यालाबाट त्यसले सञ्चय गरेकी हुनाले वेश्याकै ज्यालाहरूझैँ ती फेरि प्रयोग गरिनेछन् । (१)
(१) मूर्तिपूजाका ठाउँहरूमा बस्ने वेश्याहरूले पारिश्रमिक स्वरूप पैसा, खाना र कपडा पाउँथे । इस्राएलका मन्दिरहरूबाट लिइएका सुन र चाँदीलाई अश्शूर आक्रमणकारीहरूले आफ्नै मूर्तिपूजाको निम्ति प्रयोग गर्थे ।
म रुन्छु र विलाप गर्छु किनकि सामरियाको महामारी मेरा मानिसहरूको ढोका यरूशलेमसम्मै आइपुगेको छ ।
त्यसको घाउ निको हुनेछैन ।
तिम्रा बालकहरूका निम्ति रोओ–तिमीहरूले तिनीहरूलाई कहिल्यै देख्नेछैनौँ किनकि तिनीहरू दासहरू हुनेछन् ।
सबै कपाल मुडाएर गिद्धको झैँ बनाओ । (२)
(२) पूजाहारीहरूले आफ्नो शिर मुडाउनु हुँदैनथ्यो (लेवी २१:५) । मूर्तिपूजकहरूले गरे जस्तै तिनीहरूले यसो गर्नुहुँदैनथ्यो तर यहाँ चाहिँ एउटा गहिरो शोकको चिह्नको रूपमा यो गरिनुपर्ने भयो ।


धिक्कार तिमीहरूलाई, जसले अधर्मको युक्ति निकाल्छन्, तिमीहरूको न्याय गरिनेछ ।
तिमीहरूले खेतको लोभ गरेर मानिसको घर कब्जा गर्छौ ।


त्यसैकारण परमेश्वरले तिमीहरूको विरुद्धमा ठूलो विनाशको योजना रच्दै हुनुहुन्छ ।


तिमीहरूले विधवाहरूलाई तिनीहरूका घरहरूबाट निकालिदिन्छौ र परमेश्वरले तिनीहरूका बालकहरूलाई दिनुभएका सबै अधिकार तिमीहरू खोस्दछौ ।
अब देशले तिमीहरूलाई उकेलेर फ्याँकिदिनेछ । परमेश्वरले नै यसो गर्ने तुल्याउनुहुनेछ ।


तर, हे इस्राएल, परमेश्वरले तिमीहरूलाई छुटकारा दिनुहुनेछ र गोठमा भेडाहरूलाई झैँ र चरनमा बगाल झैँ एक ठाउँमा जम्मा गर्नुहुनेछ ।
ख्रीष्टले तिमीहरूलाई निर्वासनबाट निकालेर ल्याउनुहुनेछ । तिमीहरूलाई कैद गर्ने सहरहरूका मूलढोकाहरूबाट बाहिर निकालेर तिमीहरूलाई उहाँले आफ्नै देशमा ल्याउनुहुनेछ ।


अनि तिमी शासकहरू – तिमीहरूले खराबीलाई घृणा गर्नुपर्छ र जुन कुरा असल छ, त्यसलाई मात्रै प्रेम गर्नुपर्छ ।
अनि तिमी अगमवक्ताहरू जसले मानिसहरूलाई गलत बाटोमा डोऱ्याउँछौ–तिमीहरूमाथि रात र अन्धकार आइपर्नेछ ।
तिमी यरूशलेमका अगुवाहरू रक्तपात र दुष्टताद्वारा सहर निर्माण गर्दछौ ।
तिमी अगुवाहरू घूस खाएर न्याय गर्दछौ र तिमी पूजाहारीहरू पैसाको लागि मात्रै सिकाउँदछौ ।
तर म चाहिँ शक्ति र परमप्रभुको आत्माद्वारा भरिपूर्ण छु र इस्राएल र यहूदाको पापहरूको निम्ति तिनीहरूमाथि आइपर्ने परमेश्वरको सजायलाई निडरतापूर्वक घोषणा गर्दैछु ।


तर अन्तिम दिनहरूमा सियोन पर्वत सबै पर्वतहरूभन्दा बढी प्रसिद्ध हुनेछ र सबै जातिहरूले यसलाई प्रशंसा गर्नेछन् अनि संसारभरका सबै मानिसहरूले त्यहाँ तीर्थयात्रा गर्नेछन् ।
ती दिनहरूमा सारा संसारलाई यरूशलेमबाट परमप्रभुले शासन गर्नुहुनेछ ! (१)
(१) अध्याय ४ को सुरुतिर मीकाले भविष्यको राज्यको बारेमा बयान गरेका छन् जब ख्रीष्टले १000 वर्षसम्म शासन गर्नुहुनेछ ।


तिनीहरूले आफ्ना तरवारहरू पिटेर हलोका फाली र भालाहरू पिटेर छिमल्ने हँसिया बनाउनेछन् । जातिजातिहरूले एकअर्कासित लडाइँ गर्नेछैनन् किनकि सबै युद्ध रोकिनेछ ।


तर अहिलेको लागि, हे सियोनकी छोरी, तिमीहरूले सहरलाई छोड्नैपर्छ–तिमीहरू बेबिलोन जानेछौ । (२)
(२) त्यस समयमा यहूदीहरूका निम्ति यो असम्भाव्य जस्तै लाग्दथ्यो किनकि अश्शूर त्यसबेलाको विश्वशक्ति थियो र बेबिलोन त्यसको अधीनमा थियो । तर बेबिलोन शक्तिमा माथि आयो र यरूशलेमलाई कब्जा गर्‍यो ।


धेरै जातिहरू तिम्रो विरुद्धमा भेला भएका छन् तर तिनीहरूले परमेश्वरको योजनालाई बुझ्दैनन् ।
किनकि समय आउनेछ जब परमप्रभुले उनका शत्रुहरूलाई खलामा बिटाहरू जम्मा गरेझैँ जम्मा गर्नुहुनेछ, इस्राएलको अघि असहाय ।


ए बेथलेहम एफ्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भएतापनि तँकहाँ एउटा राजा जन्मनुहुनेछ जो अनन्तकालदेखि नै जीवित हुनुहुन्छ । (१)
(१) बेथलहेम येशू ख्रीष्टको जन्मस्थान थियो ।
यसकारण जबसम्म प्रसववेदनामा परेकीले छ जन्माउँदिन र उहाँका दाजुभाइहरू इस्राएलीहरूसँग आफ्नै देशमा मिल्न आउँदैनन्, त्यस समयसम्म इस्राएल त्यागिनेछ । (२)
(२) इस्राएल
(३) बाँकी बचेकाहरू येशू ख्रीष्टको दोस्रो आगमनको निकटतिर भेला हुनेछन् ।
उहाँको यस्तो विश्वासयोग्यता देखेर पनि कसरी तिमीहरू बाहिर चाहिँ धार्मिक जस्तो अनि भित्र चाहिँ उहाँप्रति विद्रोह गर्छौ ?
परमेश्वरले भन्नुहुन्छ– "खडा होओ र मेरो विरुद्धमा तिमीहरूको उजूर पेश गर । तिमीहरूको गुनासो सुन्न पर्वतहरू र डाँडाहरूलाई बोलाऊ ।"
परमेश्वरले तिमीहरूका यी सबै बलिदानहरू चाहनुहुन्न ।
उहाँले के चाहनुहुन्छ, सो उहाँले तँलाई देखाउनुभएको छ, केवल यति कि परमेश्वरसित विनम्र भएर हिँड्नू ।


त्यसैकारण यो लाठो तेरो विरुद्धमा म पठाउनेछु.....
तेरा सबै पापहरूका निम्ति म तँलाई हिर्काएर बिरामी पार्नेछु ।
तँ खान त खान्छस् तर कहिल्यै तृप्त हुनेछैनस् ।
जेजति तँ सञ्चय गर्छस्, त्यो म तँलाई जित्नेहरूलाई दिनेछु ।
तँ रोप्न त रोप्छस् तर कटनी गर्नेछैनस् ।
तर म चाहिँ आशामा परमेश्वरको बाटो हेर्नेछु । मलाई बचाउनुहुने परमेश्वरको प्रतीक्षा गर्छु ।
तपाईँ जस्तो परमेश्वर को छ र जसले पाप क्षमा गर्नुहुन्छ र अपराध माफ गरिदिनुहुन्छ ?
तपाईँ सधैँभरि रिस गर्नुहुन्न, तर कृपा गर्नमा खुशी हुनुहुन्छ ।
तपाईँले हाम्रा पुर्खा अब्राहामलाई प्रतिज्ञा गर्नुभएझैँ हामीलाई टिठ्याउनुहुनेछ ।